# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, जेठ १७ गते, २०७८ साल (संख्या ७

## भाग ३

### नेपाल सरकार

### अर्थ मन्त्रालयको

### सूचना १

### आयकर (बाह्रौं संशोधन) नियमावली, २०७८

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "आयकर (बाह्रौं संशोधन) नियमावली, २०७८" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली संवत् २०७८ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आयकर नियमावली, २०५९ को नियम ५क. मा संशोधनः** आयकर नियमावली, २०५९ को नियम ५क. को उपनियम (१) मा रहेका "छ महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "एक वर्षभित्र" भन्ने शब्दहरु राखिएका छन्।

## सूचना २

### भन्सार (बाह्रौं संशोधन) नियमावली, २०७८

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "भन्सार (बाह्रौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **भन्सार नियमावली, २०६४ को नियम २७ मा संशोधनः** भन्सार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २७ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) ऐनको दफा ३४ को उपदफा (३) को प्रयोजनका लागि निकासी वा पैठारी भएको मालवस्तुको परिमाण यकीन गर्न मौज्दातको भौतिक परीक्षण गर्न सकिनेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **<u>मूल नियमावलीमा नियम ६६ग१. र ६६ग२. थप:</u>** मूल नियमावलीको नियम ६६ग. पछि देहायका नियम ६६ग१. र ६६ग२. थपिएका छन्:-

"६६ग१. **<u>निकासी वा पैठारी सङ्केत नम्बर दिन सकिने:</u>** विभाग वा विभागले तोकेको भन्सार कार्यालयले निकासीकर्ता वा पैठारीकर्तालाई निकासी वा पैठारी सङ्केत नम्बर दिन सक्नेछ।

६६ग२. **<u>निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक नपर्ने:</u>** यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालवस्तु सम्बन्धी सूचना बमोजिमका मालवस्तु ल्याउन वा लैजान, एक पटकमा दश हजार रुपैयाँ मूल्यसम्मको मालवस्तु पैठारी गर्न वा दश लाख रुपैयाँ मूल्यसम्मको मालवस्तु निकासी गर्नका लागि निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक पर्ने छैन।

तर निकासी वा पैठारी सङ्केत नम्बर लिइसकेको व्यक्तिले जतिसुकै मूल्यको मालवस्तु निकासी वा पैठारी गर्दा अनिवार्य रुपमा निकासी वा पैठारी सङ्केत नम्बर उल्लेख गर्नु पर्नेछ।"

४. **<u>मूल नियमावलीको नियम ६६घ. मा संशोधन:</u>** मूल नियमावलीको नियम ६६घ. को उपनियम (१) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर कुनै उद्योगले पाँच आर्थिक वर्षको लागि निकासी वा पैठारी सङ्केत नम्बरको नवीकरण गराउन चाहेमा लाग्ने दस्तुर एकमुष्ठ तिरी नवीकरण गराउन सक्नेछ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. **मूल नियमावलीमा नियम ६६घ१. थप:** मूल नियमावलीको नियम ६६घ. पछि देहायको नियम ६६घ१. थपिएको छः-

"६६घ१. **निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सकिनेः** (१) विभाग वा विभागले तोकेको भन्सार कार्यालयले देहाय बमोजिमको मालवस्तुको निकासी वा पैठारी गर्ने प्रयोजनको लागि देहायका निकायलाई निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछः-

(क) सरकारी निकाय, सार्वजनिक संस्थान, सरकारी आयोजना, कूटनीतिक नियोग वा गैरसरकारी संघ संस्थाले गैरव्यापारिक प्रयोजनको लागि गर्ने निकासी वा पैठारी,

(ख) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएका लघु, घरेलु तथा साना उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, यन्त्र उपकरण र सोको पार्टपूर्जाको पैठारी,

(ग) खण्ड (ख) मा उल्लेख भएका बाहेक अन्य उद्योगले त्यस्तो उद्योग स्थापना गर्न आवश्यक पर्ने यन्त्र, उपकरण वा सोको पार्टपूर्जा एक पटकको लागि गर्ने पैठारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) विभागले तोकेका अन्य निकासी वा पैठारी।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दान, उपहार वा राहतको लागि पटके रुपमा मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिलाई विभाग वा विभागले तोकेको सम्बन्धित भन्सार कार्यालयले निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ।

(३) उपनियम (१) वा (२) बमोजिम निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न बैङ्क जमानत आवश्यक पर्ने छैन।

(४) उपनियम (१) को खण्ड (ग) बमोजिम प्रदान गरिएको निकासी वा पैठारी विशेष सङ्केत नम्बर त्यस्तो मालवस्तु पैठारी भएपछि स्वतः खारेज हुनेछ।"

६. **मूल नियमावलीमा नियम ६६च. थप:** मूल नियमावलीको नियम ६६ङ. पछि देहायको नियम ६६च. थपिएको छः-

"६६च. **राष्ट्रिय एकद्वार प्रणाली सम्बन्धी व्यवस्था**: राष्ट्रिय एकद्वार प्रणालीमा आबद्ध भएको निकायले प्रचलित कानून बमोजिम निकासी वा पैठारीसँग सम्बन्धित इजाजतपत्र, अनुमतिपत्र, प्रमाणपत्र, सिफारिस वा सूचना त्यस्तो प्रणालीबाट उपलब्ध गराउनु पर्नेछ।"

**आज्ञाले,**
**शिशिरकुमार ढुङ्गाना**
**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।